**बित्थडचिर गाउँपालिका**

**देउलेख, बझांग, सुदूरपश्चिम प्रदेश**

# स्थानीय राजपत्र

खण्ड: सख्या: मिति: २०८१/१२/२५

भाग:

## बित्थडचिर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम बित्थडचिर गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको नीति, ऐन, नियमावली र कार्यविधि सर्बसाधारणको लागि प्रकाशन गरिएको |

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०१/०५

राजपत्रमा प्रकाशित मिति: २०८२/०१/०६

# बित्थडचिर गाउँपालिका
# स्वास्थ्य नीति २०८१

## १. पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकको रुपमा स्थापित गरिसकेको सन्दर्भमा सङ्क्रामक रोगहरु नियन्त्रमा प्राप्त उपलब्धिहरुलाई कायम राख्नु, नवजात शिशु तथा मातृ मृत्युदरलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धि विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, शारिरीक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु स्थानीय सरकारको दायित्व हो। स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्ने, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, बिस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर गाउँपालिका बासीको स्वास्थ्य प्रबर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापना गर्ने गाउँपालिका भित्रका स्वास्थ्य, खानेपानी-सरसफाई तथा पोषण सम्वन्धि आवश्यकता र विद्यमान अवस्थाका आधारमा प्रस्तुत बित्थडचिर गाउँपालिकाको स्वास्थ्य नीति, २०८१ तयार गरिएको छ।

## २. समिक्षा र बिगतका प्रयासहरु

बित्थडचिर गाउँपालिकाद्धारा प्रकाशित ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि एम्वुलेन्स उद्घार सम्बन्धी कार्यविधि,२०८०, बित्थडचिर गाउँपालिकाको विपन्न नागरिक उपचार सहायता कार्यविधि, २०८०, बित्थडचिर गाउँपालिका महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकासेवा सुविधा सम्बन्धी कार्यविधि, २०८० का साथै एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन तथा प्रजनन स्वास्थ्य, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य, खोप सेवा, सर्ने रोग तथा शारीरिक बिकलाङ्गता सम्बन्धी सेवा, सरूवा रोग सम्बन्धी सेवा, मानसिक रोग सम्बन्धी सेवा, जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा, सामान्य आकस्मिक अवस्थाका सेवा, स्वास्थ्य प्रवर्द्धन सेवा, आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवाहरुको उपलब्धताको आधारमा स्वास्थ्यसम्बन्धी नीति निर्माण, योजना तर्जुमा, मापदण्ड अनुसार स्वास्थ्य संस्थाको दर्ता, अनुगमन, र नियमन कार्यलाई प्राथमिकता दिएको छ। संघीय सरकारबाट प्राप्त शर्तसहितका कार्यक्रम र बजेटलाई समायोजन गरी प्रभावकारी सेवा प्रवाह गरिएको थियो।

गाउँपालिकामा रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्रबाट उपलब्ध गराइने स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्ने, थप प्रभावकारी

बनाउन र औषधि तथा उपकरण अभाव हुन नदिन बजेट व्यवस्थापन गरिएको छ । आकस्मिक स्वास्थ्य सेवा, सुरक्षित मातृत्व तथा नवजात शिशु सेवा, बाह्य र आन्तरिक सेवा बिस्तारको लागि आवश्यक स्रोत साधन व्यवस्थापन गरिएको छ।

स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीहरूको मनोबल बृद्धि र स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्न विशेष प्राथमिकता दिइएको छ। कोभिड-१९ रोकथाम, उपचार र नियन्त्रणका लागि संघीय सरकारसँग समन्वय गरी मापदण्डअनुसार व्यवस्थापन गर्दै महामारी नियन्त्रणका प्रयास गरिएको थियो।

स्वास्थ्य सूचना प्रणालीलाई प्रभावकारी बनाउन सबै स्वास्थ्य संस्थाबाट अनलाइन माध्यममा प्रतिवेदन प्रविष्ट गर्ने व्यवस्था गरिएको छ। तथ्यांकको गुणस्तर सुधारका लागि नियमित परीक्षण र समीक्षा कार्यलाई व्यवस्थित बनाइएको छ। मातृ र नवजात शिशु स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने महिलालाई प्रोत्साहन गरिएको छ। निशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिदै जेष्ठ नागरिक, ५ वर्ष मुनिका बालबालिका, र महिला स्वास्थ्य स्वयंसेविकालाई अझ व्यवस्थित बनाइएको छ। उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौलाजस्ता नसर्ने रोगहरूको पहिचान, परीक्षण, र उपचार कार्यक्रमलाई संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा थप प्रभावकारी बनाइएको छ। सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन लगायतका सेवाहरू जनताको सहज पहुँचमा पुऱ्याउन रणनीति अपनाइएको छ।

नेपालको संविधान २०७२ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारि कार्यान्वयन गरिएको छ। संघीयता कार्यान्वयनका क्रममा स्थानीय तहको स्वास्थ्य क्षेत्रका जिम्बेवारीहरु पूरा गर्न गाउँपालिका अन्तर्गत स्वास्थ्य तथा सामाजिक विकास शाखाको स्थापना गरिएको छ भने यस मातहतका प्रा.स्वा.के., स्वास्थ्य चौकीहरु हस्तान्तरण भएका छन्। यसै गरि साबिकमा स्वास्थ्य चौकी नरहेका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु र सामुदायिक स्वास्थ्य इकाई स्थापना भई सञ्चालनमा छन्। बित्थडचिर गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा स्थानीय आवश्यकताका आधारमा समानीकरण अनुदान अन्तर्गतको रकम विनियोजन गरि प्रभावकारी कामहरु सम्पन्न गरि सकेको छ। गाउँबासीको आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि गाउँपालिकाले स्वास्थ्यको बस्तुस्थिति झल्कने गरि स्वास्थ्य प्रोफाईल तथा बार्षिक प्रतिबेदन तयार गरेको छ।

बझांग जिल्लाको कुल जनसंख्याको करिब ९.४२ प्रतिशत जनसंख्या (१७८१२) बसोबास गर्ने यस गाउँपालिका महिला ५२.६५ प्रतिशत र पुरुष ४७.३५ प्रतिशत रहेको छन। प्रजनन उमेरका (१५ देखि ४९ बर्ष) महिलाको संख्या ४७८२, विवाहित प्रजनन उमेरका महिलाको संख्या ३५३५, पालिकाको

अनुमानित गर्भवती संख्या ५९३ रहेकोछन। पांच बर्ष मूनिका बालबालिकाको संख्या १६८८, १० देखि १९ बर्षका किशोर किशोरीको संख्या ४३४१, प्रजनन उमेरका महिलाको गाउँपालिकामा एउटा १५ शय्याको अस्पताल निर्माण हुदै गरेको, १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, २ वटा स्वास्थ्य चौकी, ६ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, २ वटा सामुदायिक स्वास्थ्य इकाई. ९ वटा बर्थिङ सेन्टर, ११ वटा खोप केन्द्र सञ्चालनमा छन भने १ आयुर्वेद तर्फको स्वास्थ्य सेवा प्रवाह गर्न आयुर्वेद औषधालय संस्था रहेकाछन्। साथै पालिकामा २९ जना महिला स्वास्थ्य स्वयंसेविका हरु छन्। वडास्तरीय भवन निर्माण र आधारभूत स्रोत साधनको व्यवस्थापन प्रक्रियामा गाउँपालिका अघि बढिरहेको छ। गाउँपालिका अन्तर्गतका ४ वटा स्वास्थ्य संस्थाबाट चार प्रकारका परिवार नियोजनका साधन तथा प्रसुती सेवा उपलब्ध छ। बित्थडचिर गाउँपालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवति हुने संख्या उच्च रहेको छ। जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु रहेका छन्। बिगत केहि बर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा बृद्धि भएता पनी गुणस्तर सेवा अभाव छ भने पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरु आदि कारणहरुले गर्दा स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा बृद्धि हुन सकेको छैन। यस गाउँपालिकालाई पूर्ण खोप पालिका घोषणा गरिएको छ र यसको निरन्तरता भैरहेको छ। यस पालिकाका स्वास्थ्य सम्बन्धि केहि प्रमुख सूचकहरू तलको तालिकामा प्रस्तुत गरिएकोछ।

| **प्रमुख स्वास्थ्य सूचक** | **०७८/७९** | **०७९/८०** | **०८०/८१** |
|---|---|---|---|
| प्रोटोकल अनुसार ४ पटक गर्भवती जांच | ७६ | ७६ | ५९ |
| प्रोटोकल अनुसार ८ पटक गर्भवती जांच | ० | ३४ | ४६ |
| संस्थागत सुत्केरी | ८१ | ८३ | ५८ |
| प्रोटोकल अनुसार ४ पटक प्रसुती पश्चात जांच | ० | ४७ | ४९ |
| सुत्केरी सेवा उपलब्ध भएका वडा संख्या | ७ | ७ | ७ |
| परिवार नियोजन प्रयोग दर | ० | ४६ | ४३ |
| औषधि प्रयोग गरी गर्भपतन गराएका महिलाको प्रतिशत | ८ | ८ | १८ |
| पाँच बर्ष मुनिका नवजात शिशु तथा बाल रोगको व्यवस्थापन सेवा (IMNCI) लिएका बालबालिकाको संख्या (प्रति हजारमा) | १३२८ | १२९९ | १३७६ |
| वर्ष भरि ९८ प्रकारका निशुल्क आधारभूत औषधी उपलब्ध भएका स्वास्थ्य संस्था (प्रतिशत) | ० | ८५ | ८८ |
| पाठेघरको मुखको क्यान्सरको परिक्षण गरेका महिलाको संख्या | ० | ५० | ५१ |

## ३. स्वास्थ्य सम्बन्धि समस्या, चुनौति र अवसरहरु

### ३.१ स्वास्थ्य सम्बन्धि समस्या, चुनौति

१. **समतामूलक पहुँचको अभाव**: गाउँपालिकामा भौगोलिक विकटताको कारण सबै वर्ग, समुदाय, र क्षेत्रका नागरिकहरूलाई आधारभूत स्वास्थ्य सेवामा पहुँच पुर्याउन कठिनाइ भएको छ।

२. **प्रसूति सेवाको अभाव**: सबै वडाका स्वास्थ्य संस्थामा प्रसूति केन्द्र स्थापना नभएकोले मातृ तथा नवजात शिशु सेवाको पहुँच सीमित छ।

३. **परिवार योजना सेवाको अपर्याप्तता**: सबै स्वास्थ्य संस्थामा पाँचवटै परिवार योजना साधन र सेवा उपलब्ध नभएकोले परिवार नियोजनका मागहरू पूरा हुन सकेका छैनन्।

४. **बालविवाह र कम उमेरमा गर्भधारण**: बालविवाह कायम रहेको र कम उमेरमा गर्भवती हुने महिलाको संख्याले स्वास्थ्य कार्यक्रम प्रभावकारी हुन नसकेको छ।

५. **महिलाको प्रजनन स्वास्थ्य समस्याहरू**: महिलाहरूमा पाठेघर खस्ने, पाठेघरको मुखको क्यान्सरजस्ता समस्या विद्‌यमान छन्।

६. **भौतिक पूर्वाधारको कमजोरी**: मौजुदा स्वास्थ्य संस्थाहरूको भौतिक अवस्था कमजोर रहेको, समयानुकूल सुधार हुन नसकेको र न्यूनतम पूर्वाधारका साथ रोग निदान सेवाहरू उपलब्ध छैनन्।

७. **स्वास्थ्यकर्मी अभाव**: स्वास्थ्य संस्थामा दरबन्दीअनुसारका स्वास्थ्यकर्मीहरूको पूर्ति नभएको र स्वास्थ्यकर्मीहरूका लागि उत्साहजनक वातावरण सिर्जना गर्नुपर्ने आवश्यकता छ।

८. **औषधि आपूर्ति र भण्डारण व्यवस्थाको समस्या**: भौगोलिक विकटता र औषधि भण्डारणको अभावले गुणस्तरीय औषधिको आपूर्ति, वितरण र उपलब्धता सुनिश्चित गर्न कठिनाइ भएको छ।

९. **नसर्ने रोगको रोकथामको आवश्यकता**: क्यान्सर, मुटु, मिर्गौला, मधुमेह, मानसिक रोगजस्ता नसर्ने रोगहरूको पहिचान, रोकथाम र उपचार चुनौतीपूर्ण रहेको छ।

१०. **पछाडि परेका समुदायको स्वास्थ्य उपचार**: गरिब, असहाय, जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिकहरूले स्वास्थ्य सेवामा उच्च आर्थिक भार खेप्नुपरेको छ।

११. **कुपोषण र सरसफाइ समस्याहरू**: गरिबी, अशिक्षा र चेतनाको अभावले कुपोषण र सरसफाइ समस्याहरू विद्‌यमान छन्, जसले झाडापखाला र हैजाजस्ता महामारीको सम्भावना बढाएको छ।

१२. **मातृ तथा बाल स्वास्थ्य सेवामा चुनौती**: नवजात शिशु, बालबालिका र मातृ स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न नसकिएको र अधिकांश महिलाहरू घरमै सुत्केरी हुने प्रवृत्ति कायमै छ।

१३. **जडिबुटी र आयुर्वेदिक सेवाको उपयोगको अभाव**: गाउँपालिकामा उपलब्ध जडिबुटी र आयुर्वेदिक उपचार पद्‌धतिको प्रभावकारी उपयोग हुन सकेको छैन।

१४. **विशेष वर्गका लागि स्वास्थ्य सेवाको अभाव**: जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, किशोर किशोरी र विद्यालय उमेरका बालबालिकाहरूका लागि स्वास्थ्य प्रवर्द्धनका सेवाहरू उपलब्ध छैनन्।

१५. **स्वास्थ्य क्षेत्रमा अनुगमनको अभाव**: स्वास्थ्य सेवाको गुणस्तर, लगानीको सदुपयोग, र ऐन-नियमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन हुन सकेको छैन।

१६. **औषधिको उचित मूल्य र नियमनको समस्या**: नागरिकलाई गुणस्तरीय औषधि उचित मूल्यमा उपलब्ध गराउने र यसको नियमन गर्न चुनौतिहरू विद्यमान छन्।

१७. **संवैधानिक स्वास्थ्य अधिकार कार्यान्वयनको चुनौती**: संविधानद्वारा सुनिश्चित गरिएको निःशुल्क आधारभूत स्वास्थ्य सेवाको पूर्ण कार्यान्वयन र पहुँच वृद्धि गर्न कठिनाइ छ।

१८. **नीजि क्षेत्र र गैरसरकारी संस्थाको सहभागिताको अभाव**: स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागिता न्यून रहेको र गैरसरकारी क्षेत्रको लगानीलाई थप व्यवस्थित र पारदर्शी बनाउनुपर्ने आवश्यकता छ।

१९. **सामाजिक संरचना र पूर्वाधारको समस्या**: सडक, विजुली, टेलिफोन र स्वच्छ खानेपानीजस्ता आधारभूत पूर्वाधारको अभाव, परम्परागत उपचार पद्धतिमा निर्भरता र सरकारी/निजी लगानीको अपर्याप्तता विद्यमान छन्।

२०. **महामारी र प्राकृतिक प्रकोपको प्रभाव**: महामारी र प्राकृतिक प्रकोपका समयमा समयमै औषधि उपकरण आपूर्ति गर्न र सेवाको उपलब्धता सुनिश्चित गर्न चुनौती छ।

### ३.२ स्वास्थ्य क्षेत्रका अवसरहरू

१. **नीति तथा योजना निर्माणको सम्भावना:** सामाजिक, सांस्कृतिक, र भौगोलिक विशेषताका आधारमा प्रभावकारी नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्न सकिन्छ।

२. **सूचना प्रणालीको विकास:** एकीकृत स्वास्थ्य सूचना प्रणाली स्थापना गरेर तथ्यमा आधारित योजना निर्माण र प्रविधिको अधिकतम प्रयोगबाट सेवाको पहुँच र प्रभावकारिता वृद्धि गर्न सकिन्छ।

३. **आवधिक योजना र कार्यनीति निर्माण:** स्वास्थ्य क्षेत्रका लागि आवधिक योजना, वित्तीय रणनीति, र लागतसहितको कार्ययोजना तयार गरी दीर्घकालीन विकासको आधार निर्माण गर्न सकिन्छ।

४. **अनुगमन प्रणाली र जनप्रतिनिधिको सक्रियता:** जनप्रतिनिधिको सहभागितामा नियमित अनुगमन व्यवस्था कायम गर्न सकिने, जसले नीति कार्यान्वयनमा पारदर्शिता र जिम्मेवारी बढाउछ।

५. **गैरसरकारी संस्थासँग सहकार्य:** गाउँपालिकालाई प्राथमिकतामा राख्ने गैरसरकारी संस्थाहरूसँग साझेदारी गरेर स्वास्थ्य सेवा र प्रणालीको गुणस्तर सुधार गर्न सकिन्छ।

## ४. स्वास्थ्य नीतिका निर्देशक सिद्धान्तहरू

**गाउँपालिकाको स्वास्थ्य नीति, २०८१, का माथि उल्लेखित समस्या, चुनौती र अवसरका आधारमा निम्न निर्देशक सिद्धान्तहरूलाई आधार मानी कार्यान्वयन गरिनेछ:**

१. **मौलिक अधिकारको सुनिश्चितता:** आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच उपलब्ध गराउँदै नागरिकको स्वास्थ्यलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गर्ने।

२. **सामाजिक न्याय र समानता:** सामाजिक न्यायको आधारमा सबै वर्ग, क्षेत्र, र समुदायका लागि समतामूलक स्वास्थ्य सेवा प्रदान गर्ने।

३. **सहभागिता र सहकार्य:** अन्तर-सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय, र सहकार्यमार्फत जनउत्तरदायी र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्ने।

४. **तथ्यमा आधारित योजना र व्यवस्थापन:** तथ्यमा आधारित योजना निर्माण, पर्याप्त वित्तीय लगानी, र कुशल व्यवस्थापनलाई प्राथमिकता दिने।

५. **नवीनता र सृजनशीलता:** स्वास्थ्य सेवामा नवीन सोच, प्रविधिको प्रयोग, र सृजनशीलताका माध्यमबाट सेवा स्तर सुधार्ने।

६. **सुशासन र जवाफदेहिता:** स्वास्थ्य सेवा प्रवाहमा सुशासन कायम गर्दै जवाफदेहीता र पेशागत आचरणमा प्रतिबद्धता प्रदर्शन गर्ने।

७. **परम्परागत स्वास्थ्य पद्धतिको संरक्षण:** मौलिक तथा परम्परागत पद्धतिको संरक्षण र प्रवर्द्धन गर्दै औषधिजन्य जडीबुटीको अनुसन्धान र विकासलाई प्रोत्साहन गर्ने।

८. **स्वास्थ्य प्रवर्द्धन र सुधार:** स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार, र पुनर्स्थापनालाई नीति तथा कार्यक्रमका केन्द्रमा राख्ने।

## ५. गाउँपालिका स्वास्थ्य नीतिको भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

### ५.१ भावी सोच (Vision)

बित्थडचिर गाउँपालिकाका सबै नागरिकहरू सुलभ, गुणस्तरीय, दिगो र समान स्वास्थ्य सेवा  उपभोग गर्दै शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने|

### ५.२ ध्येय (Mission)

उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गर्दै संघीय सरकार, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरूबीच समन्वय र रणनीतिक सहकार्य स्थापित गरी नागरिकहरूको स्वास्थ्य सम्बन्धी मौलिक अधिकार सुनिश्चित गर्ने।

### ५.३ लक्ष्य (Goal)

बित्थडचिर गाउँपालिकाकाका सवै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा समान पहँचु बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने।

**५.४ उद्देश्यहरू (Objectives)**

- बित्थडचिर गाउँपालिकाकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने।
- प्रत्येक नागरिकले सबै तहबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने।
- स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारी जनसहभागिता प्रवर्द्धन गर्ने।
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने।

६. **नीतिहरु**

गाउँपालिकाले आफ्नो भौगोलिक, सामाजिक तथा स्वास्थ्य सेवा सम्बन्धी चुनौतीलाई सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न निम्न नीतिहरू अवलम्बन गर्नेछ।

६.१ सबै गाउँबासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउँदै सर्वव्यापी पहुँचको अवधारणा कार्यान्वयन गरिनेछ।

६.२ स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही र परिणाममुखी बनाउँदै स्वास्थ्य क्षेत्रमा सुशासन कायम गरिनेछ।

६.३ विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउन न्यूनतम पूर्वाधारसहित निदानात्मक सेवाहरू बिस्तार गरिनेछ।

६.४ न्यूनतम सेवा मापदण्ड र राष्ट्रिय चिकित्सा मापदण्ड अनुसार स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक पूर्वाधार, औषधि, उपकरण तथा सामाग्रीहरूको उचित व्यवस्था गरिनेछ।

६.५ नसर्ने रोग, मानसिक रोग, सुर्तिजन्य पदार्थको प्रयोग, मादक पदार्थ तथा लागूपदार्थ दुर्व्यसनजस्ता स्वास्थ्य समस्याहरू रोकथाम गरी स्वस्थ जीवनशैली प्रोत्साहन गरिनेछ।

६.६ स्वास्थ्य संस्थाहरू बिस्तार गर्दै जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, उपकरण व्यवस्थापन र पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।

६.७ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, र किशोरावस्थासम्बन्धी सेवाहरूलाई सहज पहुँचमा पुर्‍याउन रणनीति अपनाइनेछ।

६.८ स्थानीय जडीबुटीको सदुपयोग गर्दै आयुर्वेद र अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ।

६.९ एकीकृत सूचना प्रणालीलाई प्रविधिमैत्री बनाउँदै तथ्यमा आधारित योजना निर्माण र स्वास्थ्य अनुसन्धानलाई प्रोत्साहन गरिनेछ।

६.१० स्वास्थ्य सेवामा दक्ष जनशक्तिको व्यवस्थापन गरी स्थानीय आवश्यकता अनुसार सेवा गुणस्तर सुधार गरिनेछ।

६.११ गाउँबासीको स्वास्थ्य बीमा सुनिश्चित गरी लक्षित वर्गका लागि स्वास्थ्य सेवा सर्वसुलभ बनाइनेछ।

६.१२ सरकारी तथा निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन र नियमन गरिनेछ।

६.१३ संक्रामक र सरुवा रोगहरूको रोकथाम, नियन्त्रण र महामारी व्यवस्थापनका लागि विशेष योजना निर्माण गरी स्वास्थ्य सेवा परिचालन गरिनेछ।

६.१४ वातावरणीय प्रभाव न्यूनीकरण गर्दै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाइ र स्वच्छताको प्रवर्द्धन गरी स्वच्छ वातावरणमा जीवनयापन गर्ने अधिकार सुनिश्चित गरिनेछ।

६.१५ स्वास्थ्य सेवाको सुनिश्चितता र वित्तीय सुरक्षाका लागि स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दै आवश्यकता अनुसार निजी र गैरसरकारी क्षेत्रसँग साझेदारी गरिनेछ।

६.१६ गाउँबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्द्धक, पौष्टिक र स्थानीय रूपमा उत्पादन हुने खाद्य पदार्थको उत्पादन, प्रयोग र पहुँचलाई प्रवर्द्धन गरिनेछ।

**स्वास्थ्य नीति अन्तर्गतका रणनीतिहरु**

**६.१ सबै गाउँबासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउँदै सर्वव्यापी पहुँचको अवधारणा कार्यान्वयन गरिनेछ।**

६.१.१ बित्थडचिर गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रभावकारी रूपमा उपलब्ध गराइनेछ।

६.१.२ भुगोल र जनघनत्वलाई मध्यनजर गर्दै आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न आवश्यक स्वास्थ्य संस्थाहरूको स्थापना र बिस्तार गरिनेछ।

६.१.३ स्थानीय तहहरूसँग सहकार्य गरी निःशुल्क स्वास्थ्य कार्यक्रम र आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना निर्माण र कार्यान्वयन गरिनेछ।

६.१.४ सरोकारवाला निकायहरूसँगको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा तथा सामाजिक स्वास्थ्य सुरक्षासम्बन्धी सेवाहरू समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ।

**६.२ स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही र परिणाममुखी बनाउँदै स्वास्थ्य क्षेत्रमा सुशासन कायम गरिनेछ।**

६.२.१ संघ र प्रदेशसँग समन्वय गरी स्वास्थ्य पूर्वाधार निर्माण, आपूर्ति व्यवस्था र समग्र स्वास्थ्य प्रणालीलाई सबल बनाउन आवश्यक नियम, निर्देशिका वा कार्यविधि तयार गरी लागू गरिनेछ।

६.२.२ स्वास्थ्य सेवा प्रवाहको गुणस्तर सुधार्न सामाजिक परीक्षण, नागरिक बडापत्र र सार्वजनिक सुनुवाइलाई प्रोत्साहन दिँदै सेवाग्राहीहरूको गुनासो र पृष्ठपोषण संकलन गरी समाधान गर्ने प्रणाली विकास गरिनेछ।

६.२.३ स्वास्थ्य संस्थाहरूको सञ्चालन र व्यवस्थापन समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरी तिनलाई सशक्त र जिम्मेवार बनाई सेवा प्रभावकारी बनाइनेछ।

६.२.४ स्वास्थ्य क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था, दातृ निकाय र निजी क्षेत्रलाई परिणाममुखी कार्यका लागि उत्प्रेरित गरिनेछ।

६.२.५ गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा सुशासन कायम राख्न आवश्यक पहल र कदमहरू सुनिश्चित गरिनेछ।

**६.३ विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउन न्यूनतम पूर्वाधारसहित निदानात्मक सेवाहरू बिस्तार गरिनेछ।**

६.३.१ स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गर्दै विशेषज्ञ सेवाको बिस्तार र निदान तथा उपचार पद्धतिको सुदृढीकरणमा प्राथमिकता दिइनेछ। यस अन्तर्गत गाउँपालिकामा अस्पताल सञ्चालन गरिनेछ।

६.३.२ वडाहरूको समन्वयमा स्वास्थ्य सेवाबाट वञ्चित रहेका नागरिकलाई लक्षित गर्दै स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य इकाइ, गाउँघर क्लिनिक, खोप केन्द्र, बर्थिङ सेन्टर र रोमिङ अ.न.मी. मार्फत टोल तथा बस्तीस्तरमा सेवा उपलब्ध गराइनेछ।

६.३.३ नाक, कान, घाटी, दन्त, स्त्री तथा प्रसूति रोग, मानसिक स्वास्थ्य र आँखा चिकित्सा सेवाहरूलाई बिस्तार गर्दै नियमित उपचार सेवाको व्यवस्था गरिनेछ। साथै, ग्रामीण क्षेत्रमा विशेषज्ञ सेवासहितका निःशुल्क स्वास्थ्य शिविरहरू नियमित रूपमा सञ्चालन गरिनेछ।

**६.४ न्यूनतम सेवा मापदण्ड र राष्ट्रिय चिकित्सा मापदण्ड अनुसार स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक पूर्वाधार, औषधि, उपकरण तथा सामाग्रीहरूको उचित व्यवस्था गरिनेछ।**

६.४.१ स्वास्थ्य संस्थाहरूका आवश्यकता र मापदण्डअनुसार भौतिक पूर्वाधारहरूको स्थापना तथा विकास गरिनेछ।

६.४.२ संघ र प्रदेश सरकारसँगको सहकार्यमा, निःशुल्क वितरण गरिने औषधि, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधिजन्य सामग्रीहरूलाई गाउँपालिकाको आवश्यकता अनुसार थप गरी सहज रूपमा उपलब्ध गराइनेछ।

६.४.३ स्वास्थ्य संस्थाहरूलाई आवश्यक पर्ने औषधि र उपकरणहरूको सूची तयार गरी खरिद, आपूर्ति, भण्डारण, वितरण, नियमित मर्मत सम्भार तथा व्यवस्थापनलाई सुदृढ गरिनेछ।

६.४.४ गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड र चिकित्सा मापदण्डअनुसारको स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरिनेछ।

६.४.५ जनताको आर्थिक भार कम गर्न गाउँपालिकाले सुलभ औषधि पसल सञ्चालन गर्न निर्देशिका बनाई लागू गरिनेछ।

**६.५ नसर्ने रोग, मानसिक रोग, सुर्तिजन्य पदार्थको प्रयोग, मादक पदार्थ तथा लागूपदार्थ दुर्व्यसनजस्ता स्वास्थ्य समस्याहरू रोकथाम गरी स्वस्थ जीवनशैली प्रोत्साहन गरिनेछ।**

६.५.१ स्वास्थ्य प्रवर्द्धनका लागि सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ हरित पार्क तथा पुनर्स्थापना केन्द्रजस्ता सेवा केन्द्रहरू स्थापना गरिनेछ। यी केन्द्रहरूको माध्यमबाट स्वस्थ आहारविहार, योग, तथा ध्यान विधिको प्रवर्द्धन गरिनेछ।

६.५.२ मुटुरोग, मधुमेह, मृगौलारोग, दीर्घ श्वासप्रश्वास रोग, मस्तिष्क पक्षघात र क्यान्सरजस्ता दीर्घकालीन रोगहरूको रोकथाम र व्यवस्थापनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। यसमा NCD Clinic (गैरसङ्क्रामक रोग क्लिनिक) को बिस्तार गर्दै स्वास्थ्य सामाजिक सुरक्षा योजनामार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरिनेछ।

६.५.३ मानसिक स्वास्थ्य समस्याको रोकथाम र व्यवस्थापनका लागि प्राथमिक मानसिक स्वास्थ्य सेवा सबै आधारभूत तहका स्वास्थ्य संस्थाहरूबाट उपलब्ध गराइनेछ। आधुनिक तथा आयुर्वेदिक चिकित्सा पद्धति प्रयोग गरी मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरिनेछ।

६.५.४ लागू पदार्थको नियन्त्रण, मदिरा र सुर्तिजन्य पदार्थको बिक्री, वितरण र प्रयोगलाई नियमन गर्न बहुक्षेत्रीय सहकार्यका माध्यमबाट समन्वय गरिनेछ।

**६.६ स्वास्थ्य संस्थाहरू बिस्तार गर्दै जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, उपकरण व्यवस्थापन र पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।**

६.६.१ विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरूप बित्थडचिर गाउँपालिकाको आवधिक स्वास्थ्य जनशक्ति गुरुयोजना निर्माण गरी लागू गरिनेछ। यसै क्रममा स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको पुनरावलोकन गरिनेछ।

६.६.२ विशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि संघीय, प्रदेश सरकार र शिक्षण संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ।

६.६.३ प्रभावकारी र जवाफदेही स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक मिश्रित दक्ष जनशक्तिको पहिचान, उत्पादन र परिचालन गरिनेछ। साथै, गाउँपालिकामा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन प्रदान गरिनेछ।

६.६.४ स्वास्थ्यकर्मीहरूको व्यवस्थापनलाई व्यवस्थित गर्न बृत्ति विकास प्रणाली लागू गरिनेछ।

६.६.५ स्वास्थ्य सेवामा निरन्तरता सुनिश्चित गर्न सेवा करार र पुल दरबन्दीका उपायहरू अवलम्बन गरिनेछ।

६.६.६ आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरूको दरबन्दी संरचना निर्धारण गरिनेछ।

६.६.७ स्वास्थ्यकर्मीहरूको दक्षता अभिवृद्धिका लागि विषयगत तालिम, गोष्ठी र अन्य सम्बन्धित निकायहरूसँग सहकार्य गरी आवश्यक तालिमहरूको व्यवस्था गरिनेछ।

६.६.८ स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि हरेक वर्ष एकपटक अवलोकन भ्रमणको आयोजना गरिनेछ।

६.६.९ ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकालाई विशेष सम्मानसहित बिदाइ गरिनेछ। साथै, समयानुकूल महिला स्वास्थ्य स्वयंसेविकाका लागि नयाँ मापदण्ड निर्धारण गरी लागू गरिनेछ।

**६.७ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन र किशोरावस्थासम्बन्धी सेवाहरूलाई सहज पहुँचमा पुऱ्याउन रणनीति अपनाइनेछ।**

६.७.१ नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।

६.७.२ राष्ट्रिय र प्रादेशिक लक्ष्य अनुसार सुरक्षित मातृत्व, बाल स्वास्थ्य र पोषणसम्बन्धी कार्यक्रमलाई वडासँग समन्वय गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

६.७.३ आधारभूत तथा आकस्मिक प्रसूति सेवालाई सुदृढ गर्दै गाउँपालिका स्तरको आधारभूत अस्पतालमा नवजात शिशु सेवाको बिस्तार गरिनेछ।

६.७.४ वर्ग, जाति, धर्म तथा क्षेत्रका महिलाहरूको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको अवस्था विश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरिनेछ।

६.७.५ सुरक्षित गर्भपतन सेवालाई व्यवस्थित, गुणस्तरीय र प्रभावकारी बनाइनेछ। लिंग पहिचानका आधारमा गरिने गर्भपतनलाई पूर्ण रूपमा निरुत्साहित गरिनेछ।

६.७.६ स्वास्थ्य संस्थाहरूमा मापदण्डअनुसार सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवाको सुनिश्चित गर्दै यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरिनेछ।

६.७ .७ गाउँपालिकाका सबै स्वास्थ्य संस्थालाई किशोर-किशोरीमैत्री बनाई सेवा प्रवाहमा सक्षम बनाइनेछ।

६.७.८ विद्यालयमा स्वस्थ वातावरण प्रबर्द्धन गर्ने स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। यसमा विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम (दिवा खाजा, आयरन चक्की, सरसफाई, जुकाको औषधि), किशोर-किशोरीमैत्री सेवा र स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ। यी कार्यक्रमलाई प्रभावकारी बनाउन स्कूल नर्स कार्यक्रम लागू गरिनेछ।

६.७.९ मातृ मृत्यु दर, नवजात शिशु मृत्यु दर र बाल मृत्यु दरका सूचकाङ्कहरूलाई लक्ष्य बनाएर आवधिक कार्ययोजनाहरू तयार गरी लागू गरिनेछ।

६.७.१० सामुदायिक स्वास्थ्य इकाई र आधारभूत स्वास्थ्य केन्द्रहरूबाट सेवा बिस्तार गर्दै सरसफाई, स्वस्थ व्यवहार प्रबर्द्धन तथा स्वास्थ्य प्रदर्शनीका रूपमा स्थापना गरिनेछ।

६.७.११ प्रसूति केन्द्रलाई रणनैतिक स्थानमा सञ्चालन गर्न मानव स्रोत र भौतिक साधनको व्यवस्थापन गरिनेछ। साथै, प्रसूति केन्द्रमा आमाघर र स्तरअनुसार नवजात शिशु कर्नर सुविधा उपलब्ध गराइनेछ।

६.७.१२ प्रजनन स्वास्थ्य रुग्णता (जस्तै पाठेघर खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर, फिस्टुला, बाँझोपन र स्तन क्यान्सर) पहिचान गाउँस्तरमै गरिनेछ। थप उपचार आवश्यक भएमा निःशुल्क प्रेषणको व्यवस्था मिलाइनेछ।

**६.८ स्थानीय जडीबुटीको सदुपयोग गर्दै आयुर्वेद र अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ।**

**६.८.१** राष्ट्रिय स्वास्थ्य कार्यक्रमसँग एकीकृत गर्दै आयुर्वेद र वैकल्पिक चिकित्सा पद्धतिबाट सेवा प्रवाह गरिनेछ।

**६.८.२** वैकल्पिक चिकित्सा सेवालाई स्वास्थ्य सेवाको मूलधारमा समावेश गर्न मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन र बिस्तार गरिनेछ।

**६.८.३** आधारभूत आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा निःशुल्क रूपमा प्रदान गर्न प्रदेश र संघ सरकारसँग समन्वय गरी आवश्यक संस्थागत संरचनाको व्यवस्था गरिनेछ।

**६.८.४** परम्परागत तथा प्रचलित चिकित्सा सेवालाई प्रचलित मापदण्डका आधारमा सूचीकृत, व्यवस्थित, र नियमन गरिनेछ।

**६.८.५** गाउँपालिकामा उपलब्ध जडिबुटीहरूलाई शाखाहरू बीच समन्वय गरी विशेष योजना बनाएर उत्पादन वृद्धि र व्यावसायिकरण गरिनेछ। अनधिकृत रूपमा हुने जडिबुटीको बिक्रीवितरणलाई पूर्ण रूपमा रोक्न पहल गरिनेछ। गाउँपालिकाको व्यवस्थापनमा नियन्त्रित बिक्री वितरण प्रणाली लागू गरिनेछ।

**६.८.६** आयुर्वेद र वैकल्पिक चिकित्सा पद्धतिलाई बिस्तार गर्न विशेष रणनीति अवलम्बन गरिनेछ।

**६.९ एकीकृत सूचना प्रणालीलाई प्रविधिमैत्री बनाउँदै तथ्यमा आधारित योजना निर्माण र स्वास्थ्य अनुसन्धानलाई प्रोत्साहन गरिनेछ।**

६.९.१ स्वास्थ्य सूचना प्रणालीलाई प्रभावकारी र व्यवस्थित बनाउन बित्थडचिर गाउँपालिकाका स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरूले सूचना संकलन, तथ्यांक विश्लेषण र सम्बन्धित अन्य कार्यहरू बिस्तार गरी नियमित रूपमा सञ्चालन गरिनेछ।

६.९.२ स्वास्थ्य सूचना प्रणाली र अनुसन्धानबाट प्राप्त निष्कर्षहरू तथा राष्ट्रिय प्रतिबद्धतालाई बित्थडचिर गाउँपालिकाका योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ।

६.९.३ एकीकृत स्वास्थ्य सूचना प्रणालीमा सूचनाको शुद्धता, समयबद्धता र पूर्णताको नियमित निगरानी गर्दै प्रणालीलाई गुणस्तरीय बनाइनेछ।

६.९.४ स्वास्थ्यसम्बन्धी आवधिक कार्यक्रमहरूमा उत्कृष्ट अनुसन्धानकर्ता, स्वास्थ्यकर्मी र संस्थाहरूलाई प्रोत्साहन गर्न तथा प्रवर्द्धन गर्न पुरस्कार प्रदान गरिनेछ।

**६.१० स्वास्थ्य सेवामा दक्ष जनशक्तिको व्यवस्थापन गरी स्थानीय आवश्यकता अनुसार सेवा गुणस्तर सुधार गरिनेछ।**

६.१०.१ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई आफ्नो काम र कर्तव्यप्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ।

६.१०.२ स्रोतको समुचित परिचालन गर्दै समयानुकूल स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरिनेछ।

६.१०.३ स्वास्थ्य सेवाहरूलाई गाउँपालिकाको आवश्यकता र परिवेशअनुसार अनुकूल बनाउन स्वास्थ्य संस्थाहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी वैज्ञानिक आधारमा संगठनात्मक संरचना र जनशक्तिको दरबन्दी परिमार्जन गरिनेछ।

६.१०.४ स्वास्थ्य संस्थामा तोकिएका सेवाहरू प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ।

६.१०.५ आवश्यकता अनुसार थप स्वास्थ्य जनशक्तिको परिचालन गरिनुका साथै तिनीहरूको क्षमता अभिवृद्धिका लागि सेवाकालीन तालिम, पेशागत वृत्ति विकास र कार्यसम्पादनमा आधारित प्रोत्साहनको प्रवर्द्धन गरिनेछ।

६.१०.६ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको भूमिकालाई समयानुकूल परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि निरन्तर परिचालन गरिनेछ। राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविकाको निर्देशिका अनुसार उहाँहरूको समायोजन तथा नयाँ नियुक्तिको व्यवस्था गरिनेछ।

**६.११ गाउँबासीको स्वास्थ्य बीमा सुनिश्चित गरी लक्षित वर्गका लागि स्वास्थ्य सेवा सर्वसुलभ बनाइनेछ।**

६.११.१ बित्थडचिर गाउँपालिकाका स्वास्थ्य संस्थाहरूबाट प्रवाह गरिने सेवाहरू बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री र किशोरकिशोरी मैत्री बनाइनेछ।

६.११.२ कम उमेरमा विवाह र गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा पर्ने असरलाई न्यून गर्न सचेतना अभिबृद्धि गरिनेछ। छात्राहरूको विद्यालय उपस्थितिमा निरन्तरता दिन महिनावारीका बेला आवश्यक सामग्री (जस्तै, सेनेटरी प्याड) उपलब्ध गराइनेछ।

६.११.३ अपांगता भएका व्यक्तिहरूका लागि आवश्यक सहयोगी उपचार तथा सामग्रीको ब्यवस्था गरिनेछ साथै स्वास्थ्य संस्था र सेवा प्रणालीलाई अपांगमैत्री बनाइनेछ।

६.११.४ प्रेषण प्रणाली सुदृढ गर्दै उपचारको लागि रिफर गरिएका बिरामीहरूको हकमा सम्बन्धित स्वास्थ्य निकायहरूसँग सहकार्य र सहजीकरण गरिनेछ।

६.११.५ लैंगिक हिंसा पीडित, बेवारिसे ज्येष्ठ नागरिक, अलपत्र बालबालिका र मानसिक समस्या भोगिरहेका असहाय व्यक्तिहरूको लागि पुनर्स्थापनाको ब्यवस्थापन गर्न निजी तथा सरकारी सहकार्यमा पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ।

६.११.६ रिफरल अस्पतालहरुमा सामाजिक सेवा इकाई स्थापना गरी प्रभावकारी ब्यवस्थापन गरिनेछ र कमजोर आर्थिक अवस्था भएका रिफरल बिरामीहरु, लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी, फरक क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका गाउँबासीको स्वास्थ्य सेवामा बिशिष्टिकृत गर्न गाउँस्तरीय स्वास्थ्य उपचार कोषको स्थापना गरी सो कोषबाट स्वास्थ्य उपचार तथा मृत्यु भएका बिरामीका आफन्तहरुलाई सहयोग गरिने छ।

६.११.७ पालिकाबासीहरुलाई स्वास्थ्य बीमाको पहुँच भित्र ल्याइ स्वास्थ्य बीमा प्रभावकारी बनाइनेछ।

६.११.८ राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई वडा समितिसंग समन्वय गरी गाउँपालिका भरी प्रबर्द्धन एवं बिस्तार गरिने छ।

**६.१२ सरकारी तथा निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन र नियमन गरिनेछ।**

६.१२.१ गाउँपालिकामा सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूमा गुणस्तरीय स्वास्थ्य सेवा सुधार प्रणाली लागू र सुदृढ गर्न गाउँपालिका स्तरमा गुणस्तर सुनिश्चितता कार्यसमिति गठन गरिनेछ।

६.१२.२ सरकारी र निजी उपचार सेवा प्रदायक संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य वैकल्पिक सेवा), निदानात्मक सेवा, प्रयोगशाला सेवा र थेरापी सेवाका लागि मापदण्ड र निर्देशिका तयार गरी सोही अनुसार निर्देशन, संचालन अनुमति र नियमनको ब्यवस्था गरिनेछ।

६.१२.३ वातावरणीय सरसफाइ, सुर्तीजन्य तथा मदिराजन्य पदार्थको नियन्त्रण, खाद्य स्वच्छता, औषधिको उचित प्रयोग र समुचित उपचारको नियमन तथा कारवाही गर्न एक जनस्वास्थ्य अधिकृत (सम्भव भएसम्म कार्यरत स्वास्थ्यकर्मीमध्ये) तोक्ने ब्यवस्था गरिनेछ।

६.१२.४ बित्थडचिर गाउँपालिकाभरिका सम्पूर्ण स्वास्थ्य संस्थाहरूको नियमन, नियमित अनुगमन र मूल्यांकनका लागि एक निर्देशिका तयार गरी लागू गरिनेछ।

६.१२.५ पेशागत तथा व्यवसायिक संघ-संस्थाहरूको संचालनका लागि प्रादेशिक र संघीय नियम तथा मापदण्ड अनुसार दर्ता, नवीकरण, संचालन, अनुगमन र नियमन गरिनेछ।

६.१२.६ गाउँपालिकाभित्र सञ्चालन हुने स्वास्थ्य सम्बन्धि सम्पूर्ण गतिविधिहरूको अनिवार्य अनुमति र जानकारी प्राप्त हुने ब्यवस्था गरिनेछ।

६.१२.७ सबै स्वास्थ्य संस्थाहरूका लागि न्यूनतम सेवा मापदण्ड तयार गरी लागू गरिनेछ।

**६.१३ संक्रामक र सरुवा रोगहरूको रोकथाम, नियन्त्रण र महामारी व्यवस्थापनका लागि विशेष योजना निर्माण गरी स्वास्थ्य सेवा परिचालन गरिनेछ।**

६.१३.१ बित्थडचिर गाउँपालिकाका सबै स्वास्थ्य संस्थाबाट नियमित आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरूबाट २४ घण्टा आकस्मिक सेवा सुनिश्चित गरिनेछ।

६.१३.२ गाउँपालिका भित्र सरकारी, निजी र सामुदायिक एम्बुलेन्स तथा शव वाहन सेवाहरूलाई मापदण्ड र निर्देशिका तयार गरी व्यवस्थित रूपमा सञ्चालन गरिनेछ। सेवाको उपलब्धता बृद्धि गर्दै शुल्कमा नियमन गरिनेछ।

६.१३.३ आकस्मिक अवस्थाहरूको तयारीका लागि बित्थडचिर गाउँपालिकाले आपतकालीन स्वास्थ्य पूर्वतयारी योजना बनाउनेछ। रणनैतिक स्थानहरूमा आवश्यक औषधि, उपकरण र सामग्री जगेडा राखिनेछ।

६.१३.४ प्राकृतिक प्रकोप, महामारी र दुर्घटना जस्ता अवस्थाहरूका लागि तत्काल ब्यवस्थापन गर्न गाउँपालिका स्तरीय समिति गठन गरिनेछ। आकस्मिक स्वास्थ्य परिचालन केन्द्र प्रभावकारी बनाइनेछ।

६.१३.५ दुर्गम क्षेत्रका संकटग्रस्त बिरामी (सुत्केरी, गम्भीर चोटपटक) को उद्धारका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरी हवाई माध्यमबाट सहायता प्रदान गरिनेछ।

६.१३.६ संक्रामक रोगहरूको रोकथाम, नियन्त्रण र निवारणका लागि क्षयरोग, कुष्ठरोग, एड्स, किटजन्य रोग र एनिमियासम्बन्धि कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। अनुगमनको आधारमा आवश्यक परिमार्जन गरिनेछ।

६.१३.७ स्वास्थ्य संस्था जन्य फोहोरको ब्यवस्थापन र निष्प्रवाह सम्बन्धि संघीय र प्रादेशिक मापदण्डलाई गाउँपालिका स्तरमा प्रभावकारी रूपमा लागू गरिनेछ।

**६.१४ वातावरणीय प्रभाव न्यूनीकरण गर्दै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाइ र स्वच्छताको प्रवर्द्धन गरी स्वच्छ वातावरणमा जीवनयापन गर्ने अधिकार सुनिश्चित गरिनेछ।**

१४.१ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाबाट उत्पन्न फोहोरको उचित व्यवस्थापन गरिनेछ। खुला दिशामुक्त गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिकाको रुपमा विकास गरी त्यसको दिगोपनाका लागि योजना तयार गरी कार्यान्वयन गरिनेछ।

१४.२ वातावरणीय परिवर्तन, काम तथा कार्यस्थलको वातावरणीय अवस्थाका कारण स्वास्थ्यमा पर्ने जोखिमलाई न्यूनिकरण गर्न सरकारी र निजी क्षेत्रहरूका बीच समन्वय गरी स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४.३ पानी, वायु, ध्वनी तथा अन्य वातावरणीय प्रदूषण नियन्त्रणका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक कानुनको निर्माण, कार्यान्वयन र नियमन गरिनेछ।

१४.४ सर्वव्यापी सावधानीको अवधारणालाई अनुसरण गर्दै स्वास्थ्य सेवाबाट उत्पन्न फोहोरमैला व्यवस्थित गर्न सरोकारवालाहरूसँग सहकार्य गरी फोहोरको संकलन, छुट्याउने र सुरक्षित बिर्सजनको व्यवस्था गरिनेछ।

१४.५ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिमको न्यूनीकरण र रोकथाम गर्न तथा कार्यक्षेत्रमा हुन सक्ने विपद् जोखिम न्यूनीकरणका लागि सरोकारवालाहरूसँग समन्वय गरी आवश्यक पहल गरिनेछ।

१४.६ किटनाशक विषादीको प्रयोगलाई नियमन गर्न र औद्योगिक रसायनको सुरक्षित बिर्सजनका लागि सम्बन्धित क्षेत्रहरूसँग समन्वय तथा सहकार्य गरिनेछ।

**६.१५ स्वास्थ्य सेवाको सुनिश्चितता र वित्तीय सुरक्षाका लागि स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दै आवश्यकता अनुसार निजी र गैरसरकारी क्षेत्रसँग साझेदारी गरिनेछ।**

६.१५.१ गाउँपालिकाको कुल बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रका लागि विनियोजन गरिनेछ।

६.१५.२ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य र साझेदारीलाई प्रोत्साहन गर्न "सार्वजनिक-नीजि साझेदारी" रणनीति निर्माण गरी लागू गरिनेछ।

६.१५.३ निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वास्थ्य सेवामा रूपान्तरण गर्दै, सबै समुदायका व्यक्तिले सेवा उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक साझेदारी गरिनेछ।

६.१५.४ निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई जनस्वास्थ्य प्रवर्द्धनमा लगानी गर्न आवश्यक वातावरण निर्माण गरिनेछ।

६.१५.५ कम उमेरमा विवाह र गर्भधारणका कारण महिलाको स्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। छात्राहरूको विद्यालय उपस्थिति निरन्तर कायम राख्न महिनावारीका बेला निःशुल्क सेनिटरी प्याड वितरण गरिनेछ।

६.१५.६ लैंगिक हिंसामा परेका व्यक्तिहरू, बेवारिसे जेष्ठ नागरिक, बेवारिसे शव, अलपत्र अवस्थाका बालबालिका र मानसिक समस्या भएका असहाय व्यक्तिहरूको अल्पकालीन स्वास्थ्य व्यवस्थापन र हेरचाहका लागि निजी-सरकारी सहकार्यमा पालिका स्तरिय कोषको स्थापना र निर्देशिका निर्माण गरी पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ।

६.१५.७ स्वास्थ्यकर्मीहरूसँग समन्वय गरी ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, एकल महिला, अपांगता भएका व्यक्ति, गर्भवती र सुत्केरीलाई निःशुल्क र घरदैलोमै स्वास्थ्य जाँच सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

६.१५.८ आवश्यकता अनुसार विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय र सहकार्य गरी अन्य सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन र व्यवस्थापन गरिनेछ।

**६.१६ गाउँबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्द्धक, पौष्टिक र स्थानीय रूपमा उत्पादन हुने खाद्य पदार्थको उत्पादन, प्रयोग र पहुँचलाई प्रवर्द्धन गरिनेछ।**

६.१६.१ वडा तहसँग समन्वय र सहकार्य गर्दै खाद्य विविधीकरणमा जोड दिइ पोषण व्यवहारमा परिवर्तन ल्याउने र जंक फूडलाई निरुत्साहित गर्ने कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनेछ।

६.१६.२ स्थानीय स्तरमा उत्पादित खाद्य पदार्थहरूको पर्याप्त उत्पादन, उचित प्रयोग र पहुँच वृद्धि गर्न बहुक्षेत्रीय सहकार्यलाई प्राथमिकता दिँदै पोषण संवेदनशील कृषि कार्यलाई व्यवस्थित रूपमा प्रोत्साहन गरिनेछ। कृषि शाखासँगको समन्वयमा प्रत्येक परिवारमा सुधारिएको करेसाबारी बनाउने र खानामा विविधीकरण अपनाई सुरक्षित ढंगले प्रयोग गर्न प्रोत्साहित गरिनेछ।

६.१६.३ पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पदार्थहरूको उत्पादनलाई प्रोत्साहन गर्दै, ती पदार्थहरूको गुणस्तर कायम राख्ने प्रावधान लागू गरिनेछ।

६.१६.४ वडा समितिहरूसँग समन्वय र सहकार्य गर्दै स्थानीय स्तरमा उपलब्ध पोषक तत्वयुक्त खाद्य पदार्थहरूको उपयोगमा उत्प्रेरित गरिनेछ। यस्ता खाद्य पदार्थहरूको प्रसोधन र बजारीकरणका लागि प्रोत्साहन र सहुलियत जन्य कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

६.१६.५ बहुक्षेत्रीय पोषण कार्यक्रम र एकीकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रमलाई बिस्तार, परिष्कृत र प्रभावकारी बनाइनेछ। स्वास्थ्य संस्थासँगको सहकार्यमा पोषण पुनर्स्थापना केन्द्रहरू आवश्यकता अनुसार स्थापना गरिनेछन्।

६.१६.६ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थको नियन्त्रण गरिनेछ। स्वस्थ माछा, मासु र दूध उत्पादन, विक्री र वितरणको लागि नियमन गरिनेछ। गाउँपालिकाको नाकामा पशु स्वास्थ्य परीक्षणको व्यवस्था गरेर स्वस्थ पशुलाई मात्र पालिका प्रवेश गर्ने वातावरण सिर्जना गरिनेछ र स्वस्थ मासु तथा दूधको प्रयोग सुनिश्चित गरिनेछ। सबै तयारी खाद्य पदार्थहरूको अनिवार्य लेबलिङ र उत्पादन समयको निर्धारण गरिनेछ।

६.१६.७ महिला र बालबालिकाको पोषण अवस्था सुधार्न विभिन्न निकायसँग समन्वय र सहकार्य गर्दै पोषिलो परिकार तयारीका सीप र पद्धतिहरूको विकास गरिनेछ। दुई वर्ष मुनिका बालबालिकाको नियमित वृद्धि अनुगमन गरिनेछ।

## ७. संस्थागत संरचना

७.१. नीति कार्यान्वयनका लागि बित्थडचिर  गाउँपालिको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन्। त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तरगत सेवा प्रवाहका लागि बित्थडचिर  गाउँपालिका स्तरमा प्रयोगशाला सहितको स्वास्थ्य सेवा केन्द्र वा गाउँपालिका अस्पताल स्थापना गरिनेछ।
७.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरुसग क्षमता अविबृद्धिका लागि समन्वय गरिनेछ। स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा, डेन्टल सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ।

## ८. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः बित्थडचिर  गाउँपालिका सामाजिक विकास शाखाको नियमित बजेटबाट गरिनेछ। यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न बित्थडचिर गाउँपालिकाका सबै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणा लाई अगाडी ल्याइनेछ। नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ। यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्रसंघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत ब्यवस्थापन गर्न पहल गरिनेछ।

## ९. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्यांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ। यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ। वडा समितिहरु एवंम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ। प्रत्येक पाँच बर्षमा यस नीतिको समिक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ।

## १०. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि बित्थडचिर  गाउँपालिका स्वास्थ्य ऐन कार्यान्वयन गरिनेछ। स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तरराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाइने छ। यही कार्ययोजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ। वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समिक्षा गरी पुनरावलोकन गरिनेछ।

### ११. जोखिम

यस पालिकाको बढ्दो जनआकांक्षा, भर्खरै संस्थागत स्वरुप लिई रहेको अवस्था, सिमित साधन र स्रोत, गाउँपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र विकासको मुद्दाका रुपमा स्थापना गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा पञ्चवर्षिय रणनीतिहरुले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन। यद्यपी उल्लेखित जोखिमको बाबजुद गाउँपालिकावासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न बित्थडचिर गाउँपालिकाको स्वास्थ्य नीति २०८१ को प्रभावकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ।

### १२. खारेजी

हाल सम्म यस बित्थडचिर  गाउँपालिकामा स्वास्थ्य नीति तयार गरि लागू नभएकोले खारेजीको ब्यवस्था गर्नु नपर्ने देखिन्छ।